प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

- सुरक्षित यौन सम्पर्क गरौं,
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
- एच.आई.भि. नियमित परिक्षण गरौं,
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २८२ ॥ २०८१ मंसिर १८ गते मंगलबार (3rd Dec 2024 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

### सताक्षीधाममा गोरक्षा महोत्सवको उद्घाटन

## गौहत्याविरुद्ध संसारभरका हिन्दु एक हुन आह्वान

• **विनोद सापकोटा**

झापा । अनन्त श्री विभूषित जगतगुरु मोहनशरण देवाचार्यजी महाराजले गौहत्याजस्तो संवेदनशील विषयमा राज्यपक्ष उदासीन भएको आरोप लगाएका छन् ।

'पछिल्लोपटक झापाको कन्काई  र अर्जुनधारा नगरपालिकामा गाईको हत्या भएको घटनाले हिन्दू धर्ममाथि चारैतिरबाट आक्रमण भइरहेको पुष्टि भएको छ,' चतराधामका पिठाधिपतिसमेत रहेका बालसन्त मोहनशरण देवाचार्यजी महाराजले भने, ' हिन्दु सनातनी धर्मालम्बीहरूले आमा समान मानेकी गाईको हत्या र अवैध ओसारपसार गरिन्छ भने यस्ता अपराधपूर्ण घटना हिन्दु धर्मालम्बीहरुलाई मान्य हुने छैन ।' अपराधपूर्ण घटनामा संलग्न हत्यारा र मतियारलाई संसारभरका हिन्दु एक भएर ठेगान लगाउने उनले चेतावनी दिए ।

झापाको सताक्षीधाममा आजदेखि सुरु भएको गोरक्षा महोत्सवको उद्घाटन गर्दै बालसन्त मोहनशरण देवाचार्यजी महाराजले भने, 'गौहत्याको घटनालाई




सरकारले सामान्य रूपमा नलियोस् । धर्मगुरु सडकमा आउनुपर्यो भने त्यसको मूल्य निकै ठूलो गरी सरकारले चुकाउनु पर्ने छ ।' त्यो मूल्य चानचुने पनि नहुने उनले चेतावनी दिए ।

गौहत्याको विषयमा आफू गम्भीर र भावुक भएको उनले बताए । 'सरकारले गौहत्यामा संलग्न भएका व्यक्तिलाई पक्राउ गरेर कारबाहीको प्रक्रिया अघि बढाएको छ । यसले थोरै भएपनि हामी हिन्दु धर्मावलम्बीहरूलाई आशा र भरोसा दियो । गौहत्यामा संलग्न अपराधीलाई हदैसम्मको कानुनी कारबाही हुनेछ भन्ने हामीले विश्वास लिएका छौं,' उनले भने ।

'गौमातालाई हिन्दु धर्ममा अत्यन्त पूजनीय मानिन्छ । गाई हाम्रो जीवनको आधार हो । यो केवल एउटा जनावर होइन । यो हाम्रो संस्कार, हाम्रो परम्परा र हाम्रो धार्मिक जीवनको आधार हो,' बालसन्तले भने 'हिन्दु धर्मले गौमातालाई माता मानेको छ । ऋगवेददेखि भागवतसम्म सबै धर्मग्रन्थमा गौमाताको महिमा वर्णित छ । त्यसैले हामीले आमा समान मानेकी गाईलाई कसैले गिद्धे नजरले नहेरोस् ।'

बालसन्त मोहनशरण देवाचार्यजी महाराजले गाई कृषि, अर्थतन्त्र र स्वास्थ्यको आधारस्तम्भ भएको पनि प्रष्ट पारे । 'गाईको दूधले सन्तानलाई पोषण दिन्छ । यसको गोबर र गहुँतले हाम्रो भूमिलाई उर्वर बनाउँछ । त्यसैले गौहत्या केवल एक जीवको हत्या होइन , यो हाम्रो संस्कृति, हाम्रो मूल्यमान्यता र हाम्रो मातृभूमिमाथिको गम्भीर आक्रमण हो,' उनले भने । भगवान् श्रीकृष्णले गाईलाई आफ्नो साथी मानेको प्रसङ्ग कोट्याउँदै महाराजले भने,' गाईका अनेक रूप हुन्छन् । गोपाल, गोविन्द, गोवर्धनधारी । यदि हामी गौमातालाई रक्षा गर्न असमर्थ भयौं भने, हामी कसरी आफूलाई धर्मपरायण र कृष्णभक्त ठान्न सक्छौं ?' त्यसैले गाईको रक्षा गर्न उनले सबै धर्मानुरागीलाई अनुरोध गरे ।

गौहत्या मानवताविरुद्धको पाप भएको उनले बताए । गौमाताको हत्या गरेर मानिसले केवल धर्मको अपमान मात्र गरेको छैन, यस्ता घटनाले प्रकृतिको सन्तुलन पनि बिगार्छ । गाईमाथिको पापका कारणले नै संसार अनिकाल, रोग र अशान्तितर्फ अघि बढिरहेको उनले बताए ।

बालसन्तले संस्कृतको एउटा श्लोक वाचन गर्दै भने 'धर्मो रक्षति रक्षितः' अर्थात्, जसले धर्मको रक्षा गर्छ, धर्मले त्यसको रक्षा गर्दछ । धर्मले सबैलाई एक ठाउँमा जोड्छ भने राजनीतिले सबैलाई फुटाउँछ । त्यसैले राजनीति जोगाउनुभन्दा पनि धर्म जोगाउनतर्फ सबै अग्रसर हुन बालसन्तले आग्रह गरे ।

कार्यक्रममा शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्रा (रोशन) ले गोलोक गोवर्धन गौशाला सताक्षीधाममा स्थापना भएपछि यो क्षेत्र धार्मिक व्यक्ति र सन्त महात्माहरुका लागि पहिलो रोजाई र पर्यटकीय हिसाबले पनि आकर्षक गन्तव्य बनेको बताए । उनले भने,'गौशालामा गाईको सेवा गर्न आएका नेपाललगायत विश्वका कयौं मुलुकका धार्मिक व्यक्तित्व, धर्मगुरु, सन्त महात्माहरूको आगमनले सताक्षीधामको शान थपिएको छ । शिवसताक्षी नगरपालिकाले गोरक्षा महोत्सव भव्य रूपमा सफल पार्नको लागि एक दिन सार्वजनिक बिदा दिएर अदृश्य योगदान गरेको बताए ।

सताक्षीधामलाई धार्मिक पर्यटनका रूपमा विकास गर्न स्थानीय सरकारको हैसियतले कुनै कसर बाँकी नराख्ने नगर प्रमुख थोप्राले बताए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, रुद्र- गौरी- श्री अम्बिका ओली प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष यज्ञराज ओली, सताक्षीधाम धार्मिक तथा पर्यटकीय विकास संस्थाका पूर्व अध्यक्ष प्रसाद सुब्बालगायतले अनकन्टार जङ्गल क्षेत्रमा सन्तको आवागमन भएपछि सताक्षीधाम देवभूमिको रुपमा स्थापित भएको बताए ।

सडक, बिजुली, इन्टरनेट, विभिन्न किसिमका मठमन्दिर लगायतका करोडौं लागतमा निर्माण भएका संरचना निर्माणमा गोलोक गोवर्धन गौशालाको अतुलनीय भूमिका रहेको उनीहरुले बताए ।

कार्यक्रम गोलोक गोवर्धन गौशालाका अध्यक्षसमेत रहेका संरक्षक नन्दकिशोरजी महाराजको अध्यक्षतामा भएको थियो ।

यसैबीच अनन्त श्री विभूषित नेपालका प्रथम जगतगुरु बालसन्त मोहनशरण देवाचार्यजी महाराजले सवा करोड  रुद्राक्षको दानाजडित ५१ फिट अग्लो शिवलिङ्गको अनावरण गरेका छन् ।

शिवलिङ्ग परिसरमा विशेष पूजा अर्चना गरेर बालसन्तले शिवलिङ्गको अनावरण गरेका हुन् ।

यस्तै १ करोड १५ लाखमा निर्माण भएको तीन तले बहुउपयोगी अन्नपूर्ण भण्डारको पनि उद्घाटन गरेका छन् ।  सो भवनको पहिलो तलामा भोजनालय, दोस्रो तला सभाहल र तेस्रो तलामा सन्त महात्माका लागि आवास निर्माण गरिएको छ ।

गोरक्षा महोत्सवअन्तर्गत सोमवार नै श्री लिङ्ग महापुराणको पनि उद्घाटन गरिएको छ। यो कथा मंसिर २४ गतेसम्म सञ्चालन हुने आयोजक गोलोक गोवर्धन गौशालाले जनाएको छ ।

यस्तै रुद्र - गौरी-श्री अम्बिका ओली प्रतिष्ठानकी संस्थापक केन्द्रीय कोषाध्यक्ष तुलसादेवी ओलीले १ लाख ५१ हजार नगदको अक्षयकोष स्थापना गरेकी छन् ।

# एक पटक हारेर दोस्रो पटक वडाध्यक्ष बने ओली

झापा(प्रस) । कन्काई नगरपालिका वडा नम्बर ६ को वडा अध्यक्ष पदका लागि भएको उपनिर्वाचनमा स्वतन्त्र उम्मेद्वार लक्ष्मीप्रसाद ओली निर्वाचित भएका छन् । आइतवार राति सम्पन्न अन्तिम मतपरिणाम अनुसार ४९३ मत ल्याई उनी निर्वाचित भएका हुन् । उनका निकटतम् प्रतिष्पर्धी नेकपा एमालेका उम्मेद्वार तुलाराम बस्नेतले ३५६ , नेपाली कांग्रेसका रामगोपाल ओलीले ३१७, माओवादी केन्द्रका गणेशबहादुर थापाले २७७ र राप्रपाका नारायण निरौलाले २६ ,- नागरिक उन्मुक्ति पार्टीकी जमुना राजबंशीले ६,- मंगोल नेशनल अर्गनाइजेसनका पदमबहादुर तामाङले २०, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका दलबहादुर श्रेष्ठले २ र जनमत पार्टीका शुकलाल राजबंशीले ९ मत ल्याएका छन् । कुल १५१३ मत खसेकोमा १५०६ मत सदर भएको थियो ।



वडाध्यक्षमा निर्वाचित ओली २०७९ सालको स्थानीय तहको निर्वाचनका उपविजेता हुन् । त्यतिबेला एमालेका दीर्घबहादुर थापा ५०८ मत ल्याएर निर्वाचित हुँदा स्वतन्त्र उम्मेद्वारी दिएका ओलीले ४४० मत ल्याएका थिए । त्यसअघि २०७४ सालमा भएको निर्वाचनमा नेकपा एमालेका उम्मेद्वार इन्द्रप्रसाद नेपाललाई फराकिलो मतान्तरले पाखा लगाएर नेपाली काँग्रेसका तर्फबाट उम्मेद्वार बनेका ओली त्यस वडाको वडाध्यक्षमा विजयी बनेका थिए । २०७४ र २०७९ को निर्वाचनको परिणाम र अहिलेको माहौल हेर्दा स्वतन्त्र उम्मेद्वार ओली अरुको लागि भारी पर्ने निर्वाचनअघि नै संकेत देखिएको थियो ।

उपनिर्वाचनमा प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसले आफ्ना केही सिट गुमाउँदा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) बोनसमा देखिएको छ । अर्कोतिर प्रमुख सत्तारुढ दल नेकपा एमालेले पनि केही सिट बढाएको छ ।

तर, पहिलोपटक स्थानीय तह निर्वाचनमा भाग लिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने एउटा वडा जित्दा २२ ठाउँमा सदर मतको न्यूनतम् १० प्रतिशत पनि ल्याउन नसकेर जमानत समेत गुमाएको छ । रिक्त ४१ पदमा कांग्रेसले जितेका २४ स्थान थिए । यी २४ मा दैलेखको महाबु र मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष पनि सामेल थिए । तर, कांग्रेसले यी दुवै पालिका गुमाएको छ । १६ वडाध्यक्ष जिते पनि कांग्रेसले प्रमुख पद गुमाएको हो । यसअघि जितेको कीर्तिपुर नगरपालिकाको मेयरमा भने कांग्रेस उम्मेदवार कृष्णमान डंगोल विजयी भएका छन् ।

कांग्रेसले जितेका २४ र एमाले तथा माओवादीले जितेका ७/७ स्थानमा उपचुनाव भएको थियो । जसपाले जितेका २ र स्वतन्त्रले जितेको १ स्थानमा पनि उपचुनाव भएको हो ।

यसपटक एमालेलाई माओवादी उछिनेको छ। माओवादीले मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिका उपप्रमुख, रुकुम पूर्वको पुथाउत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष जितेको छ ।

यो समाचार तयार पार्दासम्म माओवादीले १ अध्यक्ष, २ उपाध्यक्ष र ६ वडाध्यक्ष जितेको छ ।  यसपटक कांग्रेस पछाडि माओवादीले सबैभन्दा धेरै पदमा विजय प्राप्त गरेको छ । माओवादीले ९ वटा पद हात पारिसकेको छ ।

२०७४ यता कसै न कसैसँग टाँसिँदै आएको माओवादीले यसपटक आफ्नो बलबुतामा अपेक्षाभन्दा राम्रो नतिजा ल्याएको छ । उपनिर्वाचनमा राम्रो परिणाम हात पारेपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी २०६४ को अवस्थामा फर्किएको टिप्पणी गरेका छन् ।

'तपाईंलाई बधाई छ, ग्रामथानमा विजय सुनिश्चित गर्नुभयो,' गाउँपालिका अध्यक्षमा नमोनारायण माझीलाई जिताउन भूमिका खेलेका सांसद अमनलाल मोदीलाई फोन गर्दै प्रचण्डले भनेका थिए, 'माओवादी अब २०६४ सालमा फर्किएको छ । हाम्रा दिन शुरू भए ।'

अघिल्लोपटक कांग्रेसले जितेको दैलेखेको महाबु गाउँपालिकाको अध्यक्ष यसपटक एमालेले जितेको छ । एमालेले दैलेखेको महाबु गाउँपालिकाको अध्यक्ष र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्ष तथा ५ वडा जितेको हो ।

एमालेले अहिलेसम्म ७ पद जितेको छ । हुम्लाको सर्केगाडको उपाध्यक्षमा पनि माओवादीले एमाले उम्मेदवारलाई चुनौती दिइरहेको छ ।

पहिलोपटक स्थानीय तह निर्वाचनमा भाग लिएको रास्वपाले काठमाडौं- १६ मा परम्परागत दल कांग्रेस र एमालेलाई धक्का दिएको छ । अघिल्लोपटक कांग्रेसका मुकुन्द रिजालले शानदार जीत हात पारेको काठमाडौं- १६ मा रास्वपाकी रोजिना श्रेष्ठ २९०२ मत ल्याएर विजयी भइन् ।

तर, २३ वडाध्यक्षका लागि उम्मेदवारी दिएको रास्वपाले २२ ठाउँमा (एक अध्यक्ष र एक उपप्रमुखसहित) जमानत समेत जोगाउन सकेन । काठमाडौं- १६ बाहेक कीर्तिपुरको १ र ४ दुवैमा रास्वपाले उम्मेदवारी दिएको थिएन । तर, उम्मेदवारी दिएका अन्य स्थानमा जमानत जफत भयो । कांग्रेस, एमाले र माओवादीले प्रभावशाली मत ल्याएर जित्दा रास्वपा निरीह बन्न पुग्यो ।

यद्यपि रास्वपाले भने सहकारी ठगी प्रकरणमा सभापति रवि लामिछाने पक्राउ परेका बेला भएको उपनिर्वाचनमा काठमाडौं- ६ जित्नु ठूलो विषय भएको तर्क गरिरहेको छ ।

पुराना दलको प्रभाव रहेको काठमाडौंको महत्वपूर्ण वडा जित्नु अन्यत्र जमानत जफत भएको भन्दा धेरै माथि भएको रास्वपा नेताहरू बताउँछन् । एउटा मात्रै वडा जित्दा पनि रास्वपाले यसलाई विजयोत्सवका रूपमा लिएको देखिन्छ ।

माओवादीको प्रभाव क्षेत्र भन्दै रुकुम पूर्वमा कांग्रेस र एमाले मिले पनि माओवादी उम्मेदवार नरपुरा बुढाले शानदार जीत दर्ता गरेकी छिन् । सत्तारुढ दुई ठूला दल मिल्दा पनि माओवादी उम्मेदवार १४९९ मतान्तरले विजयी भइन् ।

नरपुराले ३६२७ मत ल्याउँदा कांग्रेसको रूख चिन्हबाट लडेकी एमाले उम्मेदवार केशकुमारी तुलाचनले २१२८ मत प्राप्त गरिन् ।

अन्यत्र अ
पसमै प्रतिस्पर्धा गरे पनि उत्तरगंगामा माओवादीविरुद्ध सत्तारुढ कांग्रेस-एमाले मिलेर लडेका थिए ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले अपेक्षाअनुसार नभए पनि पार्टीले लाभ प्राप्त गरेको दाबी गरे ।

'स्थानीय तह उपनिर्वाचनमा एमालेले अपेक्षाअनुसार जितेन,' गौतमले भने, 'तर, अध्यक्ष र उपाध्यक्ष जित्दा केही लाभ भयो । तीन वडाध्यक्ष गुमायौं ।'

कांग्रेस निर्वाचन समितिका सदस्य मधु आचार्यले महासमिति बैठकले चुनावमा तालमेल गर्नु हुँदैन भनेर दिएको निर्देशनलाई स्थानीय तह उपनिर्वाचनले सही ठहर्‍याएको तर्क गरे ।

## तस्करले खोलामा बगाएर ल्याएको काठ बरामद

झापा(प्रस) । तस्करहरुले माई खोलामा बगाएर ल्याउँदै गरेको  सखुवाको गोलिया काठ प्रहरीले बरामद गरेको छ । आइतवार दिउँसो ४.५० बजे शिवसताक्षी नगरपालिका वडा न.१० दोमुखास्थित माई खोलामा  बगाएर ल्याउँदै गरेको अन्दाजी १ लाख २० हजार मूल्यबराबरको करिव ४० क्यु.फिट काठ प्रहरीले बरामद गरेको हो। अस्थाई प्रहरी चौकी माईधारबाट खटिएको  प्रहरी टोलीले  काठ फेला पारी आवश्यक कारवाहीको लागि गैडे सामुदायिक वन उपभोक्ता समितिलाई बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



# प्रधानमन्त्री ओली बेइजिङमा



झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओली चारदिने औपचारिक भ्रमणमा बेइजिङ पुगेका छन् । चिनियाँ प्रधानमन्त्री ली छ्याङको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली सोमबार चीन भ्रमणमा गएका हुन् ।

ओलीलाई बेइजिङस्थित क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ कम्युनिस्ट पार्टीका वैदेशिक मामिला उपमन्त्री सुन बेइदोङले स्वागत गरेका छन् । उक्त अवसरमा चीनका लागि नेपाली राजदूत कृष्णप्रसाद ओली र नेपालका लागि चिनियाँ राजदूत छन सोङ पनि उपस्थित थिए ।

परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री ओलीले मंगलबार चीनका प्रधानमन्त्री ली छ्याङसँग औपचारिक रूपमा द्विपक्षीय वार्ता गर्ने कार्यक्रम छ । सोही द्विपक्षीय वार्तामा दुई मुलुकबीचका एजेन्डाहरूमा छलफल हुने तथा सहमति र सम्झौतामा हस्ताक्षर हुने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीले मंगलबार नै चीनका राष्ट्रपति सी चिनफिङसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । सोही दिन चिनियाँ जनकंग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीसँग भेटवार्ता गर्ने कार्यक्रम पनि रहेको छ ।

प्रधानमन्त्री ओलीले बुधबार पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ । साथै, उनले सोही दिन नेपाल-चीन बिजनेस फोरमले आयोजना गर्ने कार्यक्रमलाई सम्बोधन गर्ने छन् । बेइजिङस्थित नेपाली दूतावासले आयोजना गरेको एक कार्यक्रममा पनि प्रधानमन्त्री ओली सहभागी हुने छन् ।

# कोशी प्रदेशको आन्तरिक मामिलामन्त्रीमा भण्डारी नियुक्त



झापा(प्रस) । कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्रीमा एमालेका प्रदेशसभा सदस्य रेवतीरमण भण्डारी नियुक्त भएका छन् । मुख्यमन्त्री हिक्मत कार्कीको सिफारिसमा प्रदेश प्रमुख परशुराम खापुङ्ले भण्डारीलाई मन्त्रीमा नियुक्त गरेका हुन् । आन्तरिक मामिला तथा कानुनमन्त्रीमा नियुक्त भण्डारीले सोमवारै साँझ सपथ लिएका छन् ।

कोशी प्रदेशका प्रदेश प्रमुख खापुङ्ले भण्डारीलाई सपथ ग्रहण गराएका हुन् । कार्यक्रममा कोशी प्रदेशका पर्यटन वन तथा वातावरण मन्त्री सदानन्द मण्डल,कोशी प्रदेशका आर्थिक तथा मामिला तथा योजना मन्त्री रामबहादुर राना मगर, कोशी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूपेन्द्र राई, कोशी प्रदेशका खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्की, कोशी प्रदेशका कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मा ,पूर्व मुख्यमन्त्री उद्धब थापा, उच्च अदालत बिराटनगरका न्यायाधीश ,कोशी प्रदेशका विभिन्न मन्त्रालयका सचिब ,कोशी प्रदेशका सुरक्षा निकायका प्रमुखहरु ,प्रदेश सभा सदस्यहरु ,मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई ,मोरङ जिल्लाका सुरक्षा निकायका प्रमुखलगायतको सहभागिता रहेको थियो । कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिलामन्त्री लिलाबल्लब अधिकारीले तीन जना युवालाई अनधिकृत रूपमा जापान लगेपछि विवादमा परेका थिए । उनी जापानको एयरपोर्टबाट डिपोर्ट भई नेपाल फर्काइएका थिए । त्यसपछि उनले मन्त्री पदबाट राजीनामा दिएका थिए ।

अधिकारीलाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउन सिफारिस गरेपनि काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयले उन्मुक्ति दिएको थियो ।

# झापामा दुर्घटनामा मृत्यु हुनेको संख्या तीन पुग्यो

झापा(प्रस) । झापामा दुर्घटनामा मृत्यु हुनेको संख्या तीन पुगेको छ । दुईजनाको मोटरसाइकल दुर्घटनामा र अर्को एकजनाको साइकलबाट लडेर मृत्यु भएको हो । मंसिर :१४ गते साँझ ५.१५ बजे शिवसताक्षी नगरपालिका वडा न.५ स्थित भित्री सडकखण्डमा शिवगञ्जबाट भेलामुनितर्फ जाँदैं गरेको मे ३ प ४६०२ नम्बरको मोटरसाइकलले साइकलयात्री सोही ठाउँ बस्ने ६६ वर्षीय दरपलाल राजबंशीलाई ठक्कर दिएको थियो । घाइतेलाई आम्दा अस्पताल दमकमा सामान्य उपचारपश्चात् बीएण्डसी अस्पताल बिर्तामोडमा थप उपचार भइरहेकोमा सोमवार दिउँसो ३:३० बजे उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै मंसिर ४ गते राति अन्दाजी ८:१० बजे कमल गाउँपालिका वडा नं.५ रतुवा पुलस्थित पूर्वपश्चिम राजमार्गमा मे.१० प.१४४१ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई पुलको बायाँ भागमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाईकल चालक सोही ठाउँ बस्ने ३० वर्षीय रुपेश सुनुवार र सोही मोटरसाइकलमा पछाडी सवार २८ वर्षीय नितेश राई घाइते भएका थिए । दुबै जनालाई निम्स अस्पताल दमकमा सामान्य उपचारपश्चात् थप उपचारको लागि न्युरो अस्पताल बिराटनगर पठाइएकोमा मंसिर १६ गते दुबै जना डिस्चार्ज भई घर आएका थिए । घाइते नितेश राई सोमवार पुनः बिरामी भई उनलाई उपचारको लागि बिहान १०:३० बजे न्युरो अस्पताल बिराटनगर पुऱ्याएकोमा उपचारको क्रममा बिहान १०:४२ बजे मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै झापामा साइकलबाट लडेर घाइते भएका अर्को व्यक्तिको पनि मृत्यु भएको छ । मंसिर ११ गते हल्दिबारी गाउँपालिका वडा नं.५ बस्ने ४४ वर्षीय नबिन राईले मादक पदार्थ सेवन गरी साइकल चलाउँदा नालीमा लडेर उनी घाइते भएका थिए । उनलाई प्रादेशिक अस्पताल भद्रपुरमा प्रारम्भिक उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याई उपचार भइरहेकोमा सोमवार बिहान ११:४५ बजे उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जनकपुरको दोस्रो जित, कर्णाली ८ विकेटले पराजित

झापा(प्रस) । नेपाल प्रिमियर लिग (एनपीएल)को सोमबार भएको दोस्रो खेलमा जनकपुर बोल्ट्सले कर्णाली याक्समाथि ८ विकेटको फराकिलो जित हात पारेको छ। कर्णालीले दिएको १४२ को लक्ष्य पछ्याएको जनकपुरले १५.१ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको हो।

जनकपुरका लागि कप्तान अनिल शाहले सर्वाधिक ६२ रन बनाए। उनले सोमवार टिमको लागि परिपक्व पारी खेले। उनले ४२ बलमा ६ चौका र ३ छक्का प्रहार गरेका हुन् । उनीसँगै जेम्स निसम ८ बलमा २ चौकासहित १६ रनमा अविजित रहे।

जनकपुरका ओपनरद्वय अनिल शाह र आसिफ शेखले पहिलो विकेटका लागि ८४ रनको साझेदारी गरेर उत्कृष्ट सुरुवात दिलाए। यो हालसम्मको एनपीएलमा पहिलो विकेटका लागि गरेको उच्च साझेदारी हो। पहिलो विकेटका रुपमा जनकपुरले आसिफ शेखलाई गुमायो। उनले २९ बलमा २ चौका र २ छक्का प्रहार गर्दै ३६ रन बनाए। कर्णालीका लागि मौसम ढकालले आसिफको विकेट लिँदै विकेटको सुरुवात गरेका थिए।

दोस्रो विकेटको रूपमा जनकपुरले लाहिरु मिलान्थालाई गुमायो। उनले १३ बलमा २ चौका र २ छक्कासहित २४ रन बनाए। जिसन मक्सुदले मिलान्थालाई एलबीडब्ल्यु आउट गराएका हुन्।



१४.३ ओभरमा डिजिटल स्कोर बोर्ड भएको ठाउँबाट अनिललाई भेट्न उनका फ्यान बीच मैदानमा नै आएका थिए। उनी त्यसबेला ६१ रनमा अविजित खेलिरहेका थिए। कर्णालीका लागि मौसम ढकाल र जिसन मक्सुदले १/१ विकेट लिए।

त्यसअघि, टस जितेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ७ विकेट गुमाउँदै १४१ रन बनाएको थियो। अन्तिम २ ओभरमा कप्तान सोमपाल कामी र अर्जुन घर्तीको आक्रामक ब्याटिङमा ४१ रन जोड्दै कर्णालीले प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको हो।

कर्णालीका लागि १९ औं ओभरमा अर्जुन घर्तीको आक्रामक ब्याटिङमा कर्णालीले सम्मानजनक स्कोर बनायो । उनले १९ औं ओभर हर्ष थाकरलाई २४ रन जोडे । १८ ओभरसम्म १०० पनि नपुर्याएको कर्णालीका लागि अर्जुनले एक ओभरमा नै २४ रन जोडिदिए। जसमा उनले पहिलो बल डट खेलेर २ चौका र २ छक्का र अन्तिम बलमा २ रन जोडे।

कर्णालीका लागि अर्जुनले ३३ रन जोड्दै रन आउट भए। पावरप्ले सकिँदा कर्णालीले २ विकेट गुमाउँदै ३१ रन बनाएको थियो। कर्णालीले पहिलो विकेटका रुपमा देव खनालको विकेट गुमाएको छ। दोस्रो ओभरको दोस्रो बलमा कर्णालीले आफ्नो पहिलो विकेटको रुपमा देवलाई १ रनमै गुमायो।

दोस्रो विकेटका रूपमा कर्णालीले शिखर धवनको विकेट गुमायो। उनलाई पाँचौं ओभरको दोस्रो बलमा हर्ष थाकरले बोल्ड आउट गरेका हुन्। शिखरले १४ बलमा ३ चौकासहित १४ रन बनाए।

कर्णालीका लागि तेस्रो विकेट चान्डविक वाल्टनको विकेट गयो। उनले १२ बलमा १ चौकासहित ८ रन बनाउँदै जेम्स निसामको बलमा एलबीडब्ल्यु आउट भए। चौथो विकेटमा जिसन मक्सुद डक आउट हुँदला ८ ओभरसम्ममा कर्णाली ४ विकेटको क्षतिमा ३६ रन बनायो।

पाँचौं विकेट १३.२ ओभरमा मोहम्मद मोसिनले बाबर हायातलाई १२ रन जोड्दा जेम्स निसमको हातबाट क्याच आउट गराए। १६ औं ओभरको दोस्रो बलमा किशोर महतोले गुल्सन झालाई ३६ रनमा बोल्ड आउट गरे। उनले २७ बलमा १ चौका र ३ छक्का प्रहार गरी पेभेलियन फर्किए। किशोर महतोले गरेको १८औं ओभरको चौथो बलमा सोमपाल कामीको क्याच कप्तान अनिलले बाउन्ड्री लाइनमा फुत्काए।

कर्णालीका लागि कप्तान सोमपाल कामी २९ र नन्दन यादव शून्यमा अविजित रहे। जनकपुरका मोहम्मद मोसिनले २ विकेट लिए। ललित राजवंशी, किशोर महतो, हर्ष थाकर र जेम्स निसमले समान १-१ विकेट लिए। पहिलो खेलमा पनि जनकपुरले विराटनगरमाथि ८ विकेटको जित हात पारेको थियो। सोमबारको पहिलो खेलमा चितवन राइनोजले काठमाडौं गुर्खाजलाई ५ विकेटले पराजित गरेको थियो।

मंगलबार पहिलो खेल सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्सको खेल ९:१५ मा सुरु हुनेछ भने दोस्रो खेल चितवन राइनोज र पोखरा एभेन्जर्सबीच हुनेछ।

# लिटल स्टार माविका संस्थापक प्रिन्सिपल राजवंशीको निधन



झापा(प्रस) । लिटल स्टार अंग्रेजी माध्यमिक विद्यालय बाह्रदशी -२ का संस्थापक प्रिन्सिपल खड्गनारायण राजवंशीको निधन भएको छ । प्याब्सन झापाका जिल्ला सदस्यसमेत रहेका राजवंशीको ५१ वर्षको उमेरमा आइतवार दिउँसो बीएण्डसी अस्पतालमा निधन भएको हो । उनलाई सुगर र मिर्गौलाको समस्या रहेको थियो ।

सोमवार उनको कन्काई माईमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ । उनको निधनमा लिटल स्टार माविले सोमवार शोक विदा दिएको थियो ।

# झापाको एकमात्र ललिपप उद्योगका बारेमा नकारात्मक प्रचार



झापा(प्रस) । विगत तीन वर्षदेखि झापाको अर्जुनधारा- ६ मा संचालन भइरहेको झापाको एकमात्र ललिपप उद्योग द एभरेस्ट मिठाई उद्योगका बारेमा नकारात्मक प्रचार गरिएको संचालकले बताएका छन् । तीन दिनयता केही फेसबुक पेजमा द एभरेस्ट मिठाई उद्योगले उत्पादन गरेको अधिकतम् खुद्रा मूल्य ६० रुपैयाँ पर्ने दालिब इलामेली ललिपपमा धारिलो फलाम वा अन्य धातुको टुक्रा फेला परेको भनी गरिएको भ्रमपूर्ण प्रचारप्रति आफ्नो ध्यानाकर्षण भएको संचालक डीबी बस्नेतले बताएका छन् ।

सामाजिक सञ्जालमा सार्वजनिक गरिएको तस्वीरमा ललिपपभित्र (प्याकेटभित्र होइन) पेपरकटर ब्लेडजस्तो देखाइएको छ । ललिपप उत्पादन प्रयोजनका लागि आफ्नो उद्योगमा यस प्रकारका ब्लेड वा फलामजन्य कुनै पनि धातु प्रयोग नहुने बस्नेतले स्पष्ट पारेका छन् । ललिपपभित्र त्यति ठूलो फलामको टुक्रा वा ब्लेड भेटिएको भनी गरिएको प्रचार आफैंमा नियोजित भएको भन्दै उनले ललिपपभित्र फोटोमा देखाएजस्तो फलाम वा ब्लेंड अट्न सम्भव नरहेकोसमेत स्पष्ट पारेका छन् । 'हाम्रो उत्पादन पूर्णतः हातले बनाइन्छ । यस्तो अवस्थामा फलाम वा ब्लेड हातमा लाग्छ । त्यतिबेलै थाहा हुन्छ ' उनले पत्रकारहरुसंग भने,'आयुष गिरी नामबाट विभिन्न सामाजिक सञ्जालमा गरिएको पोस्टले पनि हामीमाथि नियोजित प्रचार गरिएको प्रष्ट छ ।'

यसअघि पनि दालिव इलामेली ललिपप डुप्लिकेट भन्ने हल्ला फैलाउने प्रयास गरिएको थियो । आफ्नो उत्पादनको लोकप्रियता देखेर आत्तिएको स्वार्थ समूहले निरन्तर भ्रम सिर्जना गर्दै आएको बस्नेतले दावी गरे । आफ्ना उत्पादनलाई गुणस्तरीय बनाउन सँधैं संवेदनशील र गम्भीर रहेको भन्दै बस्नेतले आमउपभोक्तालाई भ्रममा नपर्न सार्वजनिक रुपमा अपिल गरेका छन् । बस्नेतले अर्जुनधारा ६ मा दुईवटा उद्योग संचालन गर्दै आएका छन् । हाम्रो कोसेली घर प्याकेजिङ उद्योगले चिया प्याकेजिङ गरी बिक्री गर्दै आएको छ भने द एभरेस्ट मिठाई उद्योगले दालिब इलामेली ललिपप उत्पादन गर्ने गरेको छ । झापामा एउटा मात्र ललिपप उद्योग रहेको छ भने इलाममा करिव १० वटा उद्योग रहेका छन् । बस्नेतले उत्पादन गरेका ललिपप झापासंगै इलाममा बिक्री हुने गरेको छ

# नक्कली सुनको गरगहना देखाएर ठगी गर्ने गिरोह पक्राउ

झापा(प्रस) । नक्कली सुनको गरगहना भन्दै ठगी गर्ने गिरोहका दुई भारतीयसहित ६ जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ । पहेँलो धातुलाई सुन भन्दै सर्वसाधारणलाई झुक्याउने गिरोहका ६ जना पक्राउ परेका हुन् ।

मोरङ प्रहरीका एसपी नारायण चिमरियाले पत्रकार सम्मेलनमा भने,' गिरोहले झापा, मोरङ र सुनसरीका विभिन्न स्थानमा सर्वसाधारणलाई ठगी गरेको पाइएको छ ।'

प्रहरीका अनुसार पक्राउ पर्नेहरुमा झापाको कमल गाउँपालिका, बाँसबारी बस्ने ५२ वर्षीय अशोक तामाङ, झापाकै कन्काई नगरपालिका वडा नम्बर-९ घैलाडुब्बा बजार बस्ने ५९ वर्षीय धकलबहादुर थिङ, अर्जुनधारा नगरपालिका वडा नम्बर- ११ बस्ने ५४ वर्षको प्रविन तामाङ, हल्दिवारी नगरपालिका वडा नम्बर-३ बाघडाँडा बस्ने ६६ वर्षीय रामबहादुर कन्दङवा छन् । त्यस्तै भारत बंगालको नक्सलबारीका ५१ वर्षीय नारायण गुरुङ र नक्सलबारी दयारामजोत बस्ने ३४ वर्षीय संजय शर्मा छन् ।

प्रहरीले अभियुक्तहरुको साथबाट सुनजस्तो देखिने पहेँलो धातु तिलहरी ४ थान, हार जस्तो देखिने मंगलसूत्र २ थान, सुन जस्तो देखिने टिल ८ थान, कानको रिङ, बेरुवा औठी, लकेट भएको सिक्री कानको झुम्का, ब्रासलेट र कानको रिङ १/१ थान वरामद गरेको छ । त्यस्तै औठी १०, चाँदीको पाउजु ४, चाँदीको ब्रासलेट १, जिमाला १, सिक्री १ , कालो पोते १ थान बरामद गरेको छ । साथै २ लाख ७२ हजार ४३० रुपैयाँ र २ जार ६३० भारु बरामद गरेको छ । अभियुक्तहरूलाई मुलुकी अपराध संहिताको परिच्छेद २१ को दफा २४९ अन्तर्गत ठगी कसुरमा मोरङ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ । अभियुक्तहरूलाई अपराध संहिताको २४९ को २ (ग) बमोजिम ७ वर्ष सम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था रहेको प्रहरीले जनाएको छ ।

# दोमुखाको प्रवेशद्वारमा दुईमुखे गेट

शिवसताक्षी(प्रस) ।पूर्वपश्चिम राजमार्गबाट पर्यटकीय क्षेत्र दोमुखाको प्रवेशद्वारमा दुईमुखे गेट स्थापना गरिएको छ । गेटको सोमबार नगर प्रमुख मेगाहाङ थोप्राले उद्घाटन गरेका छन् ।

नगर प्रमुख थोप्रासहित उपप्रमुख नरमाया कार्की र प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाम्फेले संयुक्त रूपमा गेटको उद्घाटन गरेका हुन् । कार्यक्रममा बोल्दै नगर प्रमुख थोप्राले दोमुखाको पर्यटकीय विकासका लागि नगरपालिकाले चासो लिएको बताए । उनका अनुसार अघिल्लो वर्ष दोमुखासम्म जाने सडक कालोपत्रे गरिएको थियो ।

चालु आर्थिक वर्षमा गेट र दोमुखादेखि पिकनिक स्पोर्ट हुँदै स्विमिङ पुलसम्म जाने ७३० मिटर सडकमा इन्टरलक ब्लक लगाउने काम सम्पन्न भएको छ ।

नवनिर्मित गेटको माथि पशुपतिनाथ, स्वयम्भू र जनजातिहरूको सिलाम साक्माको आकृति राखिने नगर प्रमुख थोप्राले बताए । गेटमा चाइनिज इँटा र माथिल्लो भागमा टायल्स र मार्वल प्रयोग गरिएको छ ।

पर्यटकीय क्षेत्र दोमुखाको विकासका लागि चालु आर्थिक वर्षमा १ करोड लगानी गर्ने लक्ष्य नगरपालिकाले राखेको छ । ८४ लाख ६१ हजारको लागतमा गेट र सडक निर्माण गरिएको हो ।

# एमाले कोशीको प्रमुख सचेतकमा विदुर लिङ्थेप नियुक्त

झापा(प्रस) । नेकपा एमाले कोशी प्रदेशको प्रमुख सचेतकमा संखुवासभाबाट प्रदेशसभामा निर्वाचित प्रदेशसभा सदस्य विदुर लिङ्थेप नियुक्त भएका छन्। नेकपा एमालेका संसदीय दलका नेता तथा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमवार उनलाई प्रमुख सचेतकमा नियुक्त गरेका हुन्।

प्रमुख सचेतक रेवतीरमण भण्डारीले सोमवार आन्तरिक मामिला तथा कानुन मन्त्री बनेपछि लिङ्थेपले नियुक्ति पाएका छन्। प्रदेश सभामा निर्वाचित हुनुअघि लिङ्थेप संखुवासभाको मादी नगरपालिकाको नगर प्रमुख थिए।

# लाइटर, लसुन र सुपारीको तस्करी बढ्यो

झापा(प्रस) । पूर्वी नाकामा चाइनिज लाइटर, लसुन र सुपारीको तस्करी बढेको छ । नेपालबाट भारततर्फ चाइनिज लाइटर र सुपारीको तस्करी बढेको हो भने भारतबाट लसुन भित्र्याउने क्रममा बृद्धि भएको हो । यसैबीच आइतवार दिउँसो २ बजे मेचीनगर नगरपालिका वडा नं.६ पिंङ्कीठ्याक हुँदैं नेपालबाट भारततर्फ लैजाँदै गरेको अन्दाजी ४० हजार मूल्यबराबरको ४ काटुन लाईटर , अन्दाजी १ लाख ६८ हजार मूल्यबराबरको २१० के.जी. सुपारी प्रहरीले बरामद गरेको छ । त्यस्तै मेचीडाँडा हुँदैं भारतबाट नेपालतर्फ ल्याउँदै गरेको अन्दाजी १० हजार मूल्यबराबरको २५ के.जी. लसुन प्रहरीले बरामद गरेको छ । ती अवैध सामान नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# सामाजिक सुरक्षाको महत्व

नागरिकको श्रम आर्जित आयलाई व्यवस्थित गर्दै श्रमिक तथा परिवारको आर्थिक जीवन सुरक्षित बनाउन योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अगाडि बढाइएको छ । २०७५ मङ्सिर ११ गते संस्थागत तवरले आरम्भ भएको सामाजिक सुरक्षा कोषले यो दिनलाई सामाजिक सुरक्षा दिवसकै रूपमा मनाउने गरेको छ । सामाजिक सुरक्षा कोषले श्रमिकको योगदानमा आधारित कोषलाई व्यवस्थित गर्दै सामाजिक सुरक्षाका योजना अगाडि बढाएको छ । कोषले सामाजिक सुरक्षा योजनालाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीको क्षेत्रमा विस्तार गर्दै लगेको छ ।

कोषले दुई दिनअघि सातौँ सामाजिक सुरक्षा दिवस भव्य रूपले मनाउँदै सामाजिक सुरक्षाका लागि सञ्चालित योजनाको व्यापक समीक्षा गरेको छ । कोषका अनुसार हाल १९ हजार ७६९ रोजगारदाता र १७ लाख ९७ हजार ६४० योगदानकर्ता कोषमा आबद्ध रहेका छन् । यो कुल संख्यामा औपचारिकतर्फ पाँच लाख ४३ हजार ४९१, वैदेशिक रोजगारीतर्फ १२ लाख ५३ हजार ६१५, स्वरोजगारमा २२७ जना र अनौपचारिकतर्फ ३०७ जना आबद्ध छन् । यसरी हेर्दा सामाजिक सुरक्षा कोष अन्तर्गतका योजनामा औपचारिक तथा वैदेशिक रोजगारीमा आबद्ध श्रमिक योगदानमा आधारित सुरक्षा योजनामा बढी सहभाागिता देखिएको छ । स्वरोजगार र अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको अझ बढी आवश्यकता भए पनि यो सङ्ख्या अति न्यून रहेकाले आगामी दिनमा स्वरोजगार र अनौपचारिक क्षेत्रको सहभागिता बढाउनुपर्ने चुनौती देखिएको छ ।

कोषले वित्तीय विवरणसमेत सार्वजनिक गरी कार्यक्रमबारे पारदर्शी तवरले सुसूचित गरेको छ । जस अनुसार कोषमा ६८ अर्ब ६८ करोड रुपियाँ सङ्कलन भएको छ । कोषबाट औषधोपचार स्वास्थ्य तथा मातृत्व योजनातर्फ एक अर्ब ४८ करोड, १६ लाख ७८ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा दाबी रकम १५ करोड २० लाख ६५ हजार, अवकाश दाबी रकम पाँच अर्ब ४८ करोड ९६ लाख रुपियाँ रहेको छ । यस्तै आश्रित परिवार सुरक्षा दाबी रकम १८ करोड ५५ लाख पाँच हजार रुपियाँ रहेको देखिएको छ । यसरी कोषले स्वास्थ्य सेवाका साथै दुर्घटना, अशक्तता तथा श्रमिकको निधनपछि आश्रित परिवारको सेवामा समर्पण गरेको देखिन्छ । कोषले कल्याणकारी राज्यको अवधारणा साकार पार्ने प्रयास सही दिशामा अगाडि बढाएको छ र अझै विस्तारको आवश्यकता भने देखिएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कर्मचारी सरुवामा सुधार



• धनसूदन चौलागाई

राजनीतिक नेतृत्वको सोच, लक्ष्य, नीति र प्रतिबद्धतालाई नतिजामा रूपान्तरण गर्ने माध्यम सरकारी सेवा हो । जसलाई कुनै ठाउँमा सार्वजनिक सेवा भनिन्छ भने कुनै ठाउँमा निजामती सेवा भनिन्छ । यो गैरसैनिक प्रकृतिको स्थायी र व्यावसायिक व्यक्तिहरूको समूह हो । सरकारको सफलता र प्रभावकारिता त्यस देशको निजामती सेवामा निर्भर हुने भएकाले कुनै देशको निजामती सेवाभन्दा त्यो देशको सरकार भिन्न हुँदैन भनिन्छ । नागरिकले अनुभूति गर्ने सरकार नै निजामती सेवा हो । त्यसैले यसलाई स्थायी सरकार पनि भनिन्छ । नागरिकलाई सरकारका तर्फबाट दैनिक सेवा प्रवाह गर्ने, नागरिकको आवाज सरकारसम्म पुऱ्याउने माध्यम र सरकार र जनताबिचको सेतुको काम गर्ने माध्यम निजामती सेवा हो । यो सेवा स्वच्छ, सक्षम, व्यावसायिक र उच्च मनोबल एवं उत्प्रेरणायुक्त हुनु पर्छ । यसका लागि कर्मचारी प्रशासनका सबै पक्ष निष्पक्ष, पारदर्शी र व्यवस्थित एवं प्रणालीबद्ध हुनु पर्छ । कर्मचारी प्रशासनका महत्वपूर्ण पक्षहरूमध्ये एउटा हो कर्मचारी सरुवा । कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउन र विभिन्न कार्यालयमा कार्यानुभवको अवसर दिलाउन सरुवा गर्ने गरिन्छ । यो नियमित प्रक्रिया हो । हामीकहाँ कर्मचारी सरुवा जहिले पनि विवादको विषय बन्ने र कार्यसम्पादनमा प्रभावकारिता र शिघ्रताको साटो सुस्तता र अस्तव्यस्तताको कारक बन्ने गरेको पाइन्छ ।

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सेवामूलक बनाउँदै जनतालाई सुशासनको प्रत्याभूति दिने नीति रहेको छ । निजामती सेवा ऐन, २०४९ ले निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने उद्देश्य राखेको छ । ऐनमा रहेका कर्मचारी प्रशासनका विविध पक्षमध्ये सरुवा पनि एक हो । ऐनको दफा १८ ले कर्मचारी सरुवाका लागि विभिन्न आधार र मापदण्ड निर्धारण गरेको छ । कम्तीमा कति समय एउटा कार्यालय वा निकायमा बसिसकेपछि अर्को कार्यालय वा निकायमा सरुवा गर्न सकिने स्पष्ट गरिएको छ । अशक्त भई कार्यरत ठाउँमा उपचार हुन नसक्ने भएमा, कुनै कर्मचारीलाई विशेष जिम्मेवारी दिनुपर्ने भएमा, विभागीय कारबाही गर्नुपर्ने भएमा, कार्यरत कार्यालयमा राखिराख्न उपयुक्त नभएमा, फाजिलमा परी जिल्ला बाहिर व्यवस्थापन गर्नुपर्ने भएमा र राजपत्र अनङ्कित कर्मचारीलाई घरपायक सरुवा गर्नु परेमा न्यूनतम अवधि नपुगिकनै सरुवा गर्न सकिने व्यवस्था छ ।
निजामती सेवा नियमावलीमा सामान्य प्रशासन मन्त्रालयले भदौ १ गतेदेखि भदौ मसान्तसम्म र सम्बन्धित मन्त्रालयले असोज १ गतेदेखि १५ गतेसम्म सरुवा गर्ने गरी समयतालिका निर्धारण र सरुवा गर्ने अधिकारी पनि तोकिएको छ ।
ऐन र नियमावली विपरीत मन्त्रालय वा निकायले गरेका सरुवा सामान्य प्रशासन मन्त्रालयले र सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् को कार्यालयले रद्द गर्न सक्ने व्यवस्था रहेको छ । ऐन र नियमावलीका यी प्रावधान अन्तर्गत रहेर कतिपय मन्त्रालय वा निकायले सरुवासम्बन्धी मापदण्ड र कार्यविधि पनि बनाएका छन । कर्मचारी प्रशासन सञ्चालनका लागि सिङ्गो सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रत्येक मन्त्रालय वा निकायमा कर्मचारी प्रशासनसम्बन्धी महाशाखा वा शाखा र आवश्यक जनशक्ति पनि रहने व्यवस्था छ । कर्मचारी सरुवासम्बन्धी नीतिगत र संस्थागत व्यवस्था भए पनि उल्लिखित व्यवस्थाको परिपालना पक्ष कमजोर रहेका कारण निजामती कर्मचारीहरूको सरुवा ऐन र नियमको मर्म अनुरूप व्यवस्थित, न्यायोचित र प्रणालीबद्ध हुन सकेको छैन ।
सामान्य प्रशासन मन्त्रालयले भदौ महिनाभरि र अन्य मन्त्रालयले असोज १ गतदेखि १५ गतेसम्म सरुवा गर्न सक्ने व्यवस्था नै त्रुटिपूर्ण छ । नयाँ आर्थिक वर्षको कार्यक्रम र बजेट कार्यान्वयन गर्नुपर्ने साढे दुई महिना केन्द्रीय निकायहरू सरुवाको गृहकार्यमा अल्झिने र कर्मचारीहरू सरुवाको अन्योल एवं प्रतीक्षामा रहने गरेको हालसम्मको अनुभवले देखाएको छ । सरुवालाई जतिसुकै पारदर्शी र न्यायोचित बनाउने भन्ने गरिए पनि सरुवाको आधार विभिन्नथरीको प्रभाव र पहुँच नै हुने गरेका कारण सरुवाको गृहकार्य लम्बिँदै जाने र अन्तिम दिनको पनि मध्यरातमा सरुवाको सूची सार्वजनिक गरिने प्रवृत्ति देखिन्छ । त्यसपछि सरुवा भएका कर्मचारी हाजिर हुन र गुनासा, दबाब सम्बोधन गर्न केही समय लाग्ने गर्छ । यसले पहिलो त्रैमासिक अवधि कर्मचारी व्यवस्थापनमै बित्छ । पहिलो त्रैमासिकको लक्ष्य पूरा हुँदैन र दोस्रो त्रैमासिकमा यसको चाप पर्न जान्छ । यसले वार्षिक कार्यक्रमको कार्यान्वयन र सेवा प्रवाहमा समेत नकारात्मक असर पर्ने गरेको छ ।

कर्मचारी सरुवालाई प्रणालीबद्ध बनाउन नसकिँदा कसैलाई सँधै रोजेको र खोजेको ठाउँ तथा कसैलाई छोडेको ठाउँमा बस्नुपर्ने अवस्था भइरहन्छ यसबाट कर्मचारीबिचमै प्रत्यक्ष विभेद र असन्तुष्टिको अवस्था सिर्जना गर्छ । कर्मचारीको उत्प्रेरणा र मनोबलमा प्रतिकूल असर पार्नुका साथै प्रशासनमा अनावश्यक द्वन्द्वको अवस्था सिर्जना हुन जान्छ ।

कर्मचारीमा अन्तरनिहित प्रतिभा, क्षमता र सम्भावनाको अधिकतम उपयोग गर्न, उनीहरूको उत्प्रेरणा र मनोबल उच्च बनाई कर्मचारीतन्त्रलाई नतिजामुखी बनाउन कर्मचारी सरुवालाई व्यवस्थित, न्यायोचित र प्रणालीबद्ध बनाउनु अपरिहार्य छ । यसका लागि पहिलो, सरुवासम्बन्धी विद्यमान प्रावधानलाई थप वस्तुनिष्ट र बोधगम्य बनाउनु पर्छ । दोस्रो, कर्मचारीलाई एउटा निकायमा सरुवा वा पदस्थापन गर्दा सो निकायमा निश्चित अवधि बसिसकेपछि त्यसपछि कहाँ सरुवा हुने हो सोसमेत तोकेर सरुवा गर्ने गरी सरुवा प्रणालीलाई अनुमानयोग्य र स्वचालित बनाउनु पर्छ । तेस्रो, सरुवासम्बन्धी विद्यमान समयतालिकामा परिवर्तन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले साउन १५ गतेभित्र र मन्त्रालय वा अन्य केन्द्रीय निकायले साउन मसान्तभित्र सरुवासम्बन्धी काम सक्ने व्यवस्था गर्नु पर्छ । यसबाट सरुवासम्बन्धी निर्णयमा हुने अनावश्यक ढिलासुस्ती र उत्पन्न हुने जटिलताको अन्त्य र सरुवाको त्रास र अन्योलता लामो समयसम्म रही कर्मचारी उत्प्रेरणा र कार्यसम्पादनमा पर्ने प्रतिकूल असर कम गर्न सकिन्छ ।

चौथो, सामान्य प्रशासन मन्त्रालयले ऐन नियमको उद्देश्य अनुरूप सरुवासम्बन्धी वस्तुनिष्ट मापदण्ड निर्माण र सामयिक परिमार्जन, परिपालनाको नियमित अनुगमन र यससम्बन्धी गुनासो सुनुवाइलाई प्रभावकारी बनाउनु पर्छ । पाँचौँ, वस्तुनिष्ठ आधारसहितको कार्यसम्पादन करारलाई अवलम्बन गरी विकास आयोजनाका प्रमुख र कर्मचारीको सरुवा सो आयोजनाको प्रगतिसँग आबद्ध गर्ने व्यवस्था गर्नु पर्छ । छैटौँ, नेपाल सरकारले राजपत्राङ्कित प्रथम र विशिष्ट श्रेणीका कर्मचारीको जुनसुकै बखत सरुवा गर्न सक्ने प्रावधान परिवर्तन गरी सरुवा वा पदस्थापन भएको एक वर्षसम्म सरुवा नगर्ने व्यवस्था गर्नु पर्छ । सातौँ, सरुवामा हुने राजनीतिक हस्तक्षेपको अन्त्य गरी मापदण्डमा आधारित बनाउन राजनीतिक नेतृत्वको प्रतिबद्धता र सहजीकरण हुनु पर्छ । आठौँ, संघीय संसद्मा विचाराधीन रहेको संघीय निजामती सेवा ऐनमा कर्मचारी सरुवालाई थप व्यवस्थित र अनुमानयोग्य बनाउने खालका आधार र मापदण्ड समावेश गर्नु पर्छ र नवौँ, प्रदेश सरकारले पनि कर्मचारी सरुवालाई व्यवस्थित, न्यायोचित, पारदर्शी र मापदण्डमा आधारित बनाउनु पर्छ तथा संघीय सरकारले आवश्यक सहजीकरण गर्नु पर्छ ।

# काठको उत्पादन सम्भाव्यता

• यज्ञनाथ दाहाल

हाम्रो देशको वन क्षेत्रका लागि पछिल्लो अनुसन्धान तथ्याङ्कले देखाए अनुसार कुलभूमि क्षेत्रको ४५.३१ प्रतिशत भूभागमा वन क्षेत्र रहेको छ । भनिन्छ कि पारिस्थितिक अखण्डता र वातावरणीय दिगोपनका लागि कुनै पनि देशको न्यूनतम एकतिहाई जमिन वन क्षेत्रअन्तर्गत हुनु पर्छ । नेपाल सरकारले २०७५ सालमा स्वीकृत गरेको नेपालको वन नीतिले सन्तुलित पारिस्थितिकीय कार्य र विभिन्न प्रकारका इकोसिस्टम सेवाहरू सिर्जना गर्न कम्तीमा ४० प्रतिशत जमिनलाई वन आवरणभित्र राख्ने उल्लेख गरेको छ । नेपालको संविधानको धारा ५१ अनुसार वातावरणीय सन्तुलनका लागि नेपालको निश्चित भूभागमा वन कायम गरिने भन्ने संवैधानिक व्यवस्थासमेत रहेको छ । नेपालमा उपलब्ध वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सबै किसिमका वनहरूलाई व्यवस्थापन पद्धतिभित्र लगी प्रभावकारी रूपमा वन क्षेत्रको प्रवर्धन र विकास गर्न सकेको खण्डमा थुप्रै लाभ लिने अवसर देखिन्छ । काठ उत्पादन मात्रलाई पनि आधार मानेर हेर्दा हामीले वन क्षेत्रबाट ठुलो धनराशि आर्जन गर्ने सम्भावना छ । वन क्षेत्रको काठ उत्पादन क्षमताबारे यस क्षेत्रमा संलग्न योजनाकार, नीति निर्माता र कार्यान्वयनकर्ता अनि सर्वसाधारणले समेत जानकार हुनु अत्यन्त आवश्यक देखिन्छ ।

सन् १९७२ मा स्टेन्टन भन्ने वैज्ञानिकले नेपालमा ३५ प्रकारका वन पहिचान गरे जसलाई थप १० प्रमुख समूहमा वर्गीकृत गर्न सकिन्छ । ती हुन् : उष्णकटिबन्धीय, उपउष्णकटिबन्धीय चौडा पात, उपउष्णकटिबन्धीय कोणधारी, तल्लो समशीतोष्ण चौडा पात, तल्लो समशीतोष्ण मिश्रित चौडा पात, माथिल्लो समशीतोष्ण चौडा पात, माथिल्लो समशीतोष्ण मिश्रित चौडा पात, समशीतोष्ण कोणधारी, उपअल्पाइन र अल्पाइन स्क्रब । वन आवरण नक्साङ्कन अनुसार हामीकहाँ तराई मिश्रित हार्डवुड (टिएमएच) वनको सबैभन्दा बढी कभरेज (२४.६१ प्रतिशत) रहेको छ । त्यसपछि माथिल्लो मिश्रित हार्डवुड (युएमएच, १८.२३ प्रतिशत) छ । त्यस्तै, साल प्रजाति र खोटेसल्ला प्रजातिको वनको हिस्सा क्रमशः १५.२७५ र ८.४५ प्रतिशत छ । कुल वन क्षेत्रको लगभग ६० प्रतिशत मिश्रित प्रजातिहरू मिलेर बनेको छ ।

छातीको उचाइ १.३ मिटरमा नापिँदा १० सेन्टिमिटरसम्मको व्यास भएका रुखको कुल संख्या हाम्रो देशको वनमा करिब दुई अर्ब ५६ करोड रहेको अभिलेख छ । प्रतिहेक्टरको दरमा भन्दा नेपालको वनमा प्रतिहेक्टर रुखको सङ्ख्या करिब ४३० रहेको छ । काठको मौज्दात हेर्दा प्रतिहेक्टर करिब १६५ घनमिटर देखिन्छ भने कुल मौज्दात काठ करिब ९८ करोड घनमिटर रहेको तथ्याङ्क छ । नेपालमा काठको माग सम्बन्धमा ठोस अध्ययन गरिएको छैन तर एक अनुमान अनुसार वार्षिक करिब आठदेखि १० करोड घनफिटसम्म काठको माग रहेको देखाइएको छ ।

काठको आपूर्ति मुख्यतया नेपालका निजी र राष्ट्रिय वनहरूबाट हुने गरिएको छ तर पछिल्लो दशकमा नेपालमा नीतिगत असङ्गति र काठ काट्ने तथा वन व्यवस्थापन पद्धतिमा भएको अस्थिरताले गर्दा तीन दर्जनभन्दा बढी देशबाट वार्षिक करिब १८ अर्ब नेपाली मुद्रा मूल्यको काठ आयात गर्ने राष्ट्रका रूपमा विश्वव्यापी रूपमा नेपाल देखिएको छ । यदि हामीले काठ उत्पादन आपूर्तिको नवीनतम तथ्याङ्कको विश्लेषण गर्छौं भने कम्तीमा ६० प्रतिशत काठजन्य वस्तुहरूको हालको आपूर्ति निजी वनबाट गरिएको देखिन्छ । यद्यपि, सामुदायिक वन समूहद्वारा आन्तरिक उपभोगको आपूर्ति गरिएको काठको ठुलो मात्रा अभिलेखमा रेकर्ड गरिएको छैन र राष्ट्रिय रूपमा डाटा व्यवस्थापन प्रणालीमा प्रकाशित गरिएको छैन ।

स्लोपको श्रेणीकरणको आधारमा वन क्षेत्रहरूलाई पहुँचयोग्य र गैरपहुँचयोग्य वनका रूपमा वर्गीकृत गर्न सकिन्छ । जमिनको ढलान ४५ डिग्रीभन्दा माथि भएका वन क्षेत्रहरूलाई गैरपहुँचयोग्य वन भनिन्छ र ४५ डिग्रीभन्दा तलका वनहरूलाई पहुँचयोग्य वन भनिन्छ । यस वर्गीकरणको आधारमा नेपालको लगभग ५१ प्रतिशत वनहरू पहुँचयोग्य छन् । यसको अर्थ देशको लगभग ६६ लाख हेक्टर वन क्षेत्रमध्ये लगभग ३४ लाख हेक्टर वन क्षेत्र पहुँचयोग्य वन क्षेत्रमा छन्, जहाँ विभिन्न व्यवस्थापन हस्तक्षेप सुरु गर्न सकिन्छ । यी पहुँचयोग्य वन क्षेत्रमा चुरे क्षेत्र (मुख्य भाग) का वन क्षेत्रहरू पनि समावेश छन्, जहाँ लगभग १२ लाख हेक्टर वन क्षेत्र छ । नेपालको भौगोलिक भूबनोटको आधारमा हेर्दा चुरे क्षेत्रमा पाइने यी वनहरू यस क्षेत्रको नाजुक प्रकृतिका कारण सघन वन व्यवस्थापनका लागि पनि संवेदनशील छन । त्यसैले, चुरे क्षेत्रमा अवस्थित वन क्षेत्रहरू घटाएर लगभग २२ लाख हेक्टर पहुँचयोग्य वन क्षेत्रहरूमा वन संवर्धन अभ्यासहरू लागु गरेर गहन व्यवस्थापन गर्न सकिन्छ ।

माथि उल्लेखित पहुँचयोग्य वन रहेको २२ लाख हेक्टर क्षेत्रमा दिगो वन व्यवस्थापन अवधारणा अन्तर्गतको वन संवर्धन प्रणाली अपनाइ काठको उत्पादन गर्दा तीन परिदृश्यमा फरक फरक परिमाणमा काठको उत्पादन हुने देखिन्छ । पहिलो कम आशावादी परिदृश्यमा काठको उत्पादन हेर्दा करिब सात करोड ५२ लाख घनफिट काठको उत्पादन हुन प्रक्षेपण गर्न सकिन्छ भने दोस्रो मध्यम आशावादी परिदृश्यबाट हेर्दा काठको उत्पादन करिब ११ करोड २८ लाख घनफिट हुने अनुमान गर्न सकिन्छ । त्यस्तै, उच्च आशावादी परिदृश्यले आकलन गर्दा उल्लेखित २२ लाख हेक्टर वन क्षेत्रबाट करिब १५ करोड चार लाख घनफिट काठ उत्पादन हुने देखिन्छ ।

सामान्य रूपमा एक हेक्टर वनबाट दुई वटा रुख कटानी गरी ५० घनफिट काठ उत्पादन हुँदा पनि २२ लाख हेक्टर वन क्षेत्रबाट ११ करोड घनफिट काठको उत्पादन हुने सहजै अनुमान लगाउन सकिन्छ । बजारमा विभिन्न प्रजातिका काठको मूल्य फरक फरक रहेकाले उत्पादित काठको मूल्यकृत गर्न अलि कठिन भए पनि साल, सिसौ, खयर, असना जस्ता प्रजातिको राजस्व दररेटलाई आधार मानी काठको मूल्य निर्धारण गरेर औसत ५०० रुपियाँ प्रतिघन फिट कायम गरेर गणना गर्दा माथि अनुमान गरिएको काठ उत्पादनको परिदृश्यहरू क्रमश : कम आशावादी, मध्यम आशावादी, उच्च आशावादी तथा सामान्य अवस्थामा उत्पादन हुने काठको मूल्य क्रमशः ३७ अर्ब ६१ करोड, ५६ अर्ब ४० करोड, ७५ अर्ब २० करोड र ६५ अर्ब बराबर हुने देखिन्छ । उल्लेखित काठको उत्पादन गर्दा ठुलो मात्रामा रोजगारीसमेत सिर्जना हुने देखिन्छ । पाँच घनफिट काठको उत्पादन गर्न एक श्रमशक्ति लाग्ने अनुमान गर्दा पनि करिब १५ करोड घनफिट काठ उत्पादन गर्दा वर्षभरि करिब एक लाख ३७ हजारले वर्षभरि श्रम गर्न अवसर पाउने देखिन्छ । न्यूनतम रूपमा काठको उत्पादन गर्दा पनि करिब ८० हजार श्रमिले वर्षैभरि काम पाउन अवस्था देखिन्छ ।

एकताबद्ध, समान, सन्तुलित र समावेशी सामाजिक प्रणाली निर्माण गर्न आर्थिक समृद्धि प्रमुख आधार हो, जसका लागि प्राकृतिक स्रोतहरू मुख्यतया वन क्षेत्रले नेपाल जस्तो विकासशील देशका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ । माथिको अध्यायको एक सरल परिदृश्य विश्लेषणले नेपालको उत्पादनमूलक वन क्षेत्रहरूले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँछन र नेपालको बेरोजगारी समस्या समाधान गर्छ भन्ने देखाउँछ । उत्पादक वन क्षेत्रबाट काठ उत्पादनका लागि मात्र रोजगारी सिर्जना हुने अनुमान गरिएको छ । त्यहाँ अन्य विभिन्न पारिस्थितिक सेवाहरू छन्, जुन वन इकोसिस्टमबाट प्रयोग गर्न सकिन्छ । यी हुन गैरकाष्ठ वन उत्पादनहरू, प्रकृतिमा आधारित पर्यटन उद्यमशीलता, जैविक विविधता संरक्षण र वन इकोसिस्टमको सौन्दर्य मूल्यहरू ।

नेपालमा उपलब्ध वन इकोसिस्टमको पूर्ण सम्भावित क्षमता दोहन गर्न, नीति स्पष्टता र कार्यान्वयन गर्नु पहिलो कदम हो । देशका सबै प्रमुख राजनीतिक दलहरूले नेपालमा वन व्यवस्थापनका विषयमा ठोस सहमति बनाउनु पर्छ किनभने राजनीतिक दृष्टिकोण प्रभावकारी वन व्यवस्थापनका लागि आवश्यक र महत्वपूर्ण आधारशिला हो । अर्को पक्ष वन व्यवस्थापनका लागि अति आवश्यक स्थापित प्रभावकारी संस्थाहरू हुन । नेपालमा हालको संस्थागत व्यवस्थामा विभिन्न कमजोरी छन् । तेस्रो आयाम भनेको दिगो वन व्यवस्थापनका लागि कानुनी र प्रक्रियागत व्यवस्था र स्पष्टता हो । वन क्षेत्रको नीतिमा असङ्गति र अस्थिरताले नेपालमा वन व्यवस्थापनका लागि निरन्तर नीति अपनाउनमा धेरै हदसम्म बाधा पुऱ्याएको छ । केन्द्र सरकारको प्रत्येक परिवर्तनले वन नीतिमा प्रत्यक्ष प्रभाव पारेको छ । अर्को महत्वपूर्ण पक्ष भनेको वन क्षेत्रको लागि विश्वव्यापी रूपमा उपलब्ध अत्याधुनिक प्रविधिहरू अपनाउनु हो । यसका लागि दिइएको वन क्षेत्रमा दिगो वन व्यवस्थापन योजनाहरू कार्यान्वयन गर्न सम्बन्धित मानव क्षमताका लागि क्षमता वृद्धि गर्नु पूर्वसर्त हो । हामीले हाम्रो योजना प्रक्रियामा पनि सुधार गर्नु पर्छ किनभने हाम्रो योजना प्रक्रियाले अहिलेसम्म तार्किक ढाँचा अनुसरण गरिरहेको छैन । जुन हामी अव्यवस्थित रूपमा योजना गरिरहेका छौँ । अन्ततः ज्ञान व्यवस्थापन र सूचनाको प्रवाह तथा व्यवस्थापन प्रत्येक नीति निर्माण र निर्णय लिने आधार हो । वन व्यवस्थापनको प्रत्येक निर्णय प्रमाणमा आधारित तुल्याउनु अत्यन्त आवश्यक छ ।

राष्ट्रिय अर्थतन्त्रलाई बढावा दिन र नेपालमा बेरोजगारी संकट समाधान गर्न वन व्यवस्थापन एउटा अर्को उत्तम विकल्प हो । जानाजानी वा नजानी नेपाल प्रभावकारी वन व्यवस्थापन प्रक्रिया अपनाउनमा पछाडि परेको छ । नेपालमा सघन वन व्यवस्थापन नीति कार्यान्वयन नगरेको कारण दूरगामी राष्ट्रिय लाभहरू गुमाए पनि वन क्षेत्रको ठुलो सम्भावना छ, जसले राष्ट्र र यहाँका जनताको आर्थिक र वातावरणीय अवस्थालाई रूपान्तरण गर्न मद्दत गर्न सक्छ । दिगो वन व्यवस्थापन योजना अपनाएर नेपालले क्षयकृत इकोसिस्टम र जैविक विविधता संरक्षणको पुनर्स्थापनाका लागि आफूले वाचा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सक्छ । त्यस्तै दिगो वन व्यवस्थापन अपनाएर वातावरणबाट कार्बन उत्सर्जन घटाउने पेरिस सम्झौताका लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय फोरममा गरिएको प्रतिबद्धता पूरा गर्न नेपाल सक्षम हुने छ । नेपाल कट्टर हिमायती सदस्य रहेको संयुक्त राष्ट्रसंघको सत्र वटा दिगो लक्ष्यमध्ये दिगो वन व्यवस्थापन योजनाको कार्यान्वयनमार्फत यस योजनाको धेरै लक्ष्य हासिल गर्न सकिन्छ । हामी दृढतापूर्वक भन्न सक्छौँ कि वन इकोसिस्टमको विभिन्न राष्ट्रिय आकांक्षा र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न व्यापक र निर्णायक भूमिका रहन्छ ।

# क्रिकेटका दर्शकसँग शुल्क असुल्दै स्ववियु

झापा(प्रस) । त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरस्थित क्रिकेट मैदानमा खेल हेर्न पुगेका दर्शकसँग स्वतन्त्र विद्यार्थी युनियनका नाममा विद्यार्थीले पार्किङ शुल्क उठाउन थालेका छन् । विश्वविद्यालय परिसरमै मोटरसाइकल, गाडीलगायत सवारीसाधन पार्किङ गरेको शुल्क उठाएको भन्दै आलोचना भएको छ । आयुर्वेद क्याम्पस कीर्तिपुर स्ववियुले रसिद नै छपाएर खेलको पहिलो दिन शुल्क उठाएको थियो ।
रसिदमा मोटरसाइकलको ५०, कार/जिपको एक सय र हेलमेटलगायत सामग्रीको ३० रुपैयाँ शुल्क लाग्ने उल्लेख छ । नेपाल प्रिमियर लिग (एनपीएल) हेर्न गएका दर्शकसँग 'त्रिवि पार्किङ' भनेर त्रिवि केन्द्रीय क्याम्पस स्ववियुका केही विद्यार्थीले पनि मनोमानी रूपमा पार्किङ शुल्क उठाएको पाइएको छ । विद्यार्थीहरू रसिद लिएर शुल्क उठाउन खेल मैदान बाहिरको पार्किङ क्षेत्रमा खटिने गरेका छन् ।
केन्द्रीय क्याम्पसका स्ववियु अध्यक्ष श्यामराज ओझाले अनधिकृत व्यक्तिले विश्वविद्यालय हातामा प्रवेश गरेर यसअघिका खेलदेखि नै शुल्क उठाउँदै आएको बताए । अनधिकृत व्यक्तिले उठाउनुभन्दा विद्यार्थीलाई इन्टर्नसिपमा जोड्ने गरी शुल्क लिन लागिएको उनले जनाए ।
शुल्क उठाउने छलफल मात्र भएको तर नउठाएको उनले दाबी गरे । 'बाहिरी मान्छे आएर एउटा हेलमेट राखेको ५० रुपैयाँ उठाउँथे । हामीले विश्वविद्यालयको जग्गामा विद्यार्थीले न्यूनतम शुल्क लिएर पार्किङ गर्ने भनेका थियौं,' उनले भने, 'त्यसको विरोध भयो । स्ववियुले शुल्क नलिने भनेको छ ।'
स्ववियुका एक पदाधिकारीले भने शुल्क उठाउने विषयमा कुनै छलफल र निर्णय नभएको तर स्ववियुका नाममा शुल्क उठाएकाको गुनासो गरे । अध्यक्ष ओझाले आफूनिकट विद्यार्थीलाई रकम उठाउन खटाएको उनीहरूको आरोप छ । स्ववियुले प्रहरीसँग मिलेर एनपीएलका बेला पार्किङ व्यवस्थित गर्ने भनेर विश्वविद्यालय क्याम्पसलाई यसअघि नै जानकारी पठाएको थियो ।

क्याम्पस प्रमुख ध्यानेन्द्र राईले पार्किङ स्ववियुले व्यवस्थित गर्ने भने पनि के कसरी व्यवस्थित गर्ने भन्ने विषयमा जानकारी नभएको बताए । 'नेपाल क्रिकेट संघ (क्यान) ले क्रिकेट मैदान विश्वविद्यालयसँग सम्झौता गरेर लिएको हो । आयोजक पनि क्यान नै हो,' उनले भने, 'पार्किङ व्यवस्थापन क्यानले नै गर्नुपर्छ । त्यसमा विश्वविद्यालय र क्याम्पस संलग्न छैन ।'

जथाभाबी पार्किक हुँदा प्रतियोगिताका बेला होहल्ला, फोहोरले विश्वविद्यालय अस्तव्यस्त हुने गरेको उनले गुनासो गरे । 'पार्किङ शुल्क लिने विषयमा विद्यार्थी पनि विभाजित भएका छन् । जथाभाबी पार्किङ हुँदा विश्वविद्यालयलाई असर पुगेको छ,' उनले भने, 'विश्वविद्यालयको वातावरण खलबल नगरी क्रिकेट पनि सञ्चालन गर्न सक्नुपर्छ ।' क्रिकेटका बेला प्राध्यापक, कर्मचारी, विद्यार्थी आउजाउ गर्नसमेत सकस हुने गरेको उनले गुनासो गरे ।
स्ववियु सचिव सिद्धान्त भट्टले भने पार्किङ व्यवस्थापन गर्ने विषयमा स्ववियुलाई कुनै जानकारी नभएको बताए । यो विषयमा स्ववियुमा छलफल नै नभएको उनको भनाइ छ । क्यानले त्रिविका विद्यार्थीलाई खेल हेर्न टिकटमा ५० प्रतिशत छुट दिएको छ ।

# मलेसिया खुल्ने पर्खाइमा तीन लाख नेपाली श्रमिक

झापा(प्रस) । करिब सात महिना यता नेपाली श्रमिकहरू नयाँ श्रम स्वीकृति लिएर मलेसिया जान पाएका छैनन्। मलेसियाले गत जुन महिना (मध्य जेठ) देखि सबै क्षेत्रमा पहिले जसरी



आप्रवासी श्रमिक लगेको छैन। त्यहाँका निजी कम्पनीले सरकारको नीति नटेरेको र देशको प्रतिष्ठामै आँच आएको भनेर भर्ना प्रक्रियामा संलग्न निजी कम्पनीको पुनरूत्थान गर्ने भन्दै आप्रवासी श्रमिक भर्ना प्रक्रियामा पूर्ण रोक लगाएको थियो।
गएको असोज महिनादेखि आंशिक रूपमा भने आप्रवासीहरू लैजान थालेको छ।
वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलका अनुसार मलेसियाले आंशिक रूपमा कृषि, प्लान्टेसन, मार्ट तथा सुरक्षा गार्ड लगायत क्षेत्रमा श्रमिक लगिरहेको छ। तर, नेपालले पनि यी क्षेत्रमा माग भएका श्रमिक पनि पठाउन नसकेको उनले बताए।
'माग भए पनि दूतावासले मागपत्र प्रमाणीकरण नगरिदिँदा हामीले श्रमिक पठाउन सकेका छैनौं। पहिले दूतावासमा राजदूत र कर्मचारी नभएको कारण देखाएर मागपत्र प्रमाणित भएको थिएन। अहिले राजदूत नभएको र मागपत्र प्रमाणीकरणका लागि राजदूत नै चाहिने भनेर अड्काइरहेको छ,' भुर्तेलल भने।
श्रमिक पठाउन नेपालसँग प्रतिस्पर्धी बंगलादेश, फिलिपिन्सलगायत मुलुकले खुला भएका क्षेत्रमा श्रमिक पठाउन थाले पनि नेपालले अवसर सदुपयोग गर्न नसक्नु दुःखद् भएको उनले बताए।
मलेसिया नेपालीहरूको प्रमुख आकर्षक श्रम गन्तव्य हो। 'धेरै युवाहरू मलेसियाको पर्खाइमा छन्। तर हामीले पाएको अवसर पनि गुमाइरहेका छौं' उनले भने।
मलेसियाले आंशिक रूपमा केही क्षेत्रमा मात्रै आप्रवासी श्रमिक लैजान थाले पनि पूर्ण रूपमा भने खुलाएको छैन। यसअघि यहि डिसेम्बरसम्म सबै क्षेत्रमा आप्रवासी लैजाने अनौपचारिक कुरा सुनिए पनि अहिलेसम्म मलेसियाले कुनै निर्णय गरेको छैन।
मलेसियाले आगामी जनवरीदेखि आप्रवासी लैजाने कुरा अनौपचारिक रूपमा जानकारी पाएको म्यानपावर व्यवसायी भुर्तेलले बताए।

'जनवरीदेखि लैजाने कुरा संघलाई औपचारिक रूपमा भने आएको छैन। अनौपचारिक रूपमा कुरा हुँदा अबको नयाँ वर्षदेखि भर्ना प्रक्रिया अघि बढाउने कुरा छ,' उनले भने।
वैदेशिक रोजगार विभागले पनि मलेसिया कहिलेदेखि पूर्ण रूपमा खुला हुन्छ भन्ने विषयमा कुनै जानकारी नआएको जनाएको छ। विभागका सूचना अधिकारी गुरूदत्त सुवेदीले यसबारे केही जानकारी नभएको बताए।

मलेसिया खुला हुने पर्खाइमा तीन लाख हाराहारी युवाहरू रहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए।
'पहिल्यैदेखि युवाहरूको रोजाइमा पर्ने मुलुक हो मलेसिया अब त तलब पनि बढाउने भएको छ। करिब तीन लाख त मलेसिया खुला हुने पर्खाइमा छन्,' उनले भने।
मलेसिया सरकारले श्रमिकहरूको न्यूनतम पारिश्रमिक बढाउने घोषणा गरिसकेको छ।

## फलामको चेनगेटले किच्दा बिर्तामोडमा बालकको मृत्यु

झापा(प्रस) । फलामको चेनगेटले किच्दा बिर्तामोडमा एक बालकको मृत्यु भएको छ । इलाम देउमाई नगरपालिका वडा नं. ८ घर भई हाल



बिर्तामोड नगरपालिका वडा नं.१ बुद्धचोकस्थित रामकुमार आचार्यको घरमा डेरा गरी बस्ने राजकुमार राईका अन्दाजी ३ वर्षीय छोरा दिवाहाङ राईलाई खेल्ने क्रममा मंसिर १३ गते साँझ ७ बजे फलामको चेनगेटले किचेको थियो ।

घाइते बालकलाई उपचारको लागि बिर्तासिटी अस्पतालमा लगिएको थियो । त्यहाँ सामान्य उपचारपश्चात् बीएण्डसी अस्पताल बिर्तामोड लगि उपचार भइरहेकोमा सोमवार दिउँसो ३:१० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# वैदेशिक रोजगारीमा जानेलाई बिनाधितो ऋण दिने तयारी

झापा(प्रस) । वैदेशिक रोजगारीमा जाने मिटरब्याजको चपेटामा नपरून् भनेर सरकारले बैङ्कबाट बिनाधितो ऋण उपलब्ध गराउने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सहज ऋण उपलब्ध गराउने कार्यविधिको मसौदा अन्तिम चरणमा पुर्‍याएको छ ।
श्रममन्त्री शरतसिंह भण्डारीले तत्काल वैदेशिक रोजगारीको विकल्प नहुन्जेलसम्म वैदेशिक रोजगारीमा जान श्रमिकले चर्को ब्याजदरको ऋण लिनुपर्ने बाध्यता हटाउन बिनाधितो सहुलियत दरको ऋण दिने व्यवस्था गर्न लागेको जानकारी दिए । नेपाली युवा सय कडा ३६ प्रतिशत ब्याजको ऋण लिएर विदेश जान बाध्य भएको उल्लेख गर्दै उनले भने, "यो गरिबका लागि ठुलो समस्या हो, समाधानका लागि नीतिगत रूपमै तयारी गर्दै छौं, अन्तिम रूप दिन्छौं ।"
वैदेशिक रोजगारीमा जाने युवा मिटरब्याजका कारण धेरै मर्कामा परेको भन्दै सरकारले बजेट वक्तव्यबाटै सरकारले सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउने घोषणा गरेको थियो । बजेट वक्तव्यमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका नागरिक र बैङ्क खातामा विप्रेषण पठाएको सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने पनि बजेटमा उल्लेख छ । यसलाई आधार बनाएर श्रम मन्त्रालयले यसको कार्यान्वयनका लागि कार्यविधिको मसौदा तयारी गरेको हो ।
नेपाल राष्ट्र बैङ्कले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई बिनाधितो ऋण दिने गरी मौद्रिक व्यवस्था गरिसकेको छ । गत साउनमा नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको चालु आव २०८१/८२ को मौद्रिक नीतिमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिको बैङ्क खातामा रेमिट्यान्स पठाउने सुनिश्चितका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था छ ।
श्रममन्त्री भण्डारीका अनुसार वैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानी बनाउन, स्वास्थ्य परीक्षण गर्न, बिमा, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार कल्याणकारी कोषमा तोकिएका शुल्क तिर्न, हवाई टिकट र वैदेशिक रोजगार व्यवसायी कम्पनीलाई सेवा शुल्क तिर्न गरेको खर्चका आधारमा ऋण दिने व्यवस्था गर्ने भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नीतिमार्फत नै तिर्ने ग्यारेन्टी भएमा वैदेशिक रोजगारीमा जानेलाई बैङ्कमार्फत बिनाधितो ऋण उपलब्ध गराउन समस्या नहुने बताए । यसका लागि कानुन बनाएर कार्यान्वयन गर्न सकेमा नेपाल भित्रिने सबै विप्रेषण बैङ्कमार्फत आउने र अवैधानिक रूपमा सञ्चालित हुन्डी बन्द गर्न पनि सहयोग पुग्ने उनको भनाइ छ ।

# कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री सिंहलाई

झापा(प्रस) । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीको अनुपस्थितिमा उनले गर्ने दैनिक प्रशासनिक कामकाज उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सम्हाल्नेगरी तोकेका छन् ।
प्रधानमन्त्री केपी शर्मा ओली जनवादी उनले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री सिंहले सम्हाल्ने गरी तोकेको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।
प्रधानमन्त्री ओली चिनियाँ समकक्षी ली



गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि चीनतर्फ प्रस्थान गरेकाले उनको अनुपस्थितिमा प्रधानमन्त्रीको कार्यभार उपप्रधानमन्त्री सिंहलाई दिइएको हो । राष्ट्रपति पौडेलले प्रधानमन्त्री ओलीको अनुपस्थितिमा
छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा चीनको औपचारिक भ्रमणका लागि बेइजिङ प्रस्थान गरेका छन् । प्रधानमन्त्री ओली चीनको भ्रमण पूरा गरी यही मंसिर २० गते स्वदेश फर्कने कार्यतालिका छ ।

# नेपालमा एकल महिलाको संख्या नौ लाख ९७ हजार ६६२

झापा(प्रस) । राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालमा नौ लाख ९७ हजार ६६३ एकल महिला रहेको जनाएको छ । सोमबार कार्यालयले राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कबाट छुट्टै अध्ययन गरी निकालिएको एकल महिला तथ्याङ्क सार्वजनिक गरेको हो ।
तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सबैभन्दा बढी एकल महिलामा बिधुवा महिला बढी रहेको देखाएको छ ।नेपालको ६६ लाख ६० हजार ८४१ गैरसंस्थागत घरपरिवारमध्ये नौ लाख ३६ हजार ९८ घरपरिवारमा कम्तीमा एक एकल महिला/विधवा, सम्बन्धविच्छेद, भिन्न बसेको र ३५ वर्ष वा सोभन्दा माथिका अविवाहित महिला पाइएको राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक राजन सिलवालले बताए ।

उनले भने, "अध्ययन गर्दा विधवा, सम्बन्धविच्छेद, भिन्न बस्ने चार समूहलाई जोडेर एकल महिलाको तथ्याङ्क विश्लेषण गरिएको छ । विगतका विभिन्न समयमा भएका जनगणनाका तथ्याङ्कहरूलाई समेत आधार बनाएका छौं । अध्ययनबाट प्रतिवेदनमा सबैभन्दा बढी एकल महिलामा पनि बिधुवा महिला बढी छ । एकल महिलाको घरपरिवार अवस्था विश्लेषण गर्दा ६६ लाख ६० हजार ८४१ गैरसंस्थागत घरपरिवारमध्ये नौ लाख ३६ हजार ९८ घरपरिवारमा कम्तीमा एक एकल महिला/विधवा, सम्बन्धविच्छेद, भिन्न बसेको र ३५ वर्ष वा सोभन्दा माथिका



अविवाहित महिला पाइएको छ । यी ७ लाख ९९ हजार ७४४ घरपरिवारमा कम्तीमा एक विधवा महिला रहेको देखियो ।"
उनले जसमा सात लाख ९९ हजार ७४४ घरपरिवारमा कम्तीमा एक विधवा महिला रहेको देखिएको पनि बताए । उनले कुल घरपरिवारमध्ये १४ प्रतिशत घरपरिवारमा एकल महिला रहेको तथ्याङ्कले देखाएको जानकारी दिए । उनले एकल महिला रहेका १४ प्रतिशत घरपरिवारमध्ये १२ प्रतिशत विधवा र २ प्रतिशत अन्य एकल महिला रहेका पाइएको उल्लेख गरे ।
निर्देशक सिलवालले भने कार्यालयले अध्ययन गर्दा विधवा, सम्बन्ध विच्छेद, भिन्न बस्ने चार समूहलाई जोडेर एकल महिलाको तथ्याङ्क विश्लेषण गरिएको बताए । उनले विधवा र अन्य एकल महिला रहेका घरपरिवारका विशेषता एकै प्रकारका रहेको जिकिर गरे ।
उनका अनुसार कम्तीमा एक जना विधवा महिला कर्णाली प्रदेशमा ११ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा १४ प्रतिशत यी दुई प्रदेशमा देखिएको छ । दश वर्ष वा सोभन्दा माथिका कुल महिला जनसंख्यामध्ये ८.२ प्रतिशत एकल महिला रहेको भन्दै तथ्याङ्कले विदुर २.२ प्रतिशतभन्दा विधवा महिलाको संख्या धेरै ६.६ प्रतिशत रहेको तथ्याङ्कले देखाएको उनको भनाइ छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज दैनिक कार्यमा प्रगति हुनेछ । साथीभाइसँग समय बित्नेछ ।

**वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** रमणीय र सुखद् यात्राको योग छन् । आत्मबल र हिम्मत पनि बढ्नेछ ।